स्थानीय सरकार

# फतुवा विजयपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लक्ष्मीनिया (दो.),रौतहट

मधेश प्रदेश, नेपाल

प.सं.२०८१/०८२ मिति:२०८१/१२/१४ गते

## फतुवा विजयपुर नगरपालिका १ नं.वडा र ३ नं.वडा कार्यालयको प्रशासकीय भवन निर्माणको लागी जग्गा प्राप्ती (खरीद) सम्बन्धी-१५ दिने सार्वजनिक सूचना ।

प्रस्तुत वियषमा यस नगरपालिका नगरकार्यपालिकाको मिति २०८१/०८/०६ गतेको बैठक निर्णय तथा मिति २०८१/१०/०४ गते यस फतुवा विजयपुर नगरपालिका १ नं. वडा कार्यालय र ३ नं. वडा कार्यालयको प्रशासकीय भवन निर्माणको लागी जग्गा चन्दादान दिने सम्बन्धी सार्वजनिक सूचना प्रकाशन वमोजिम संघसंस्था वा ईच्छुक ब्यक्ति-ले निःशुल्क जग्गा चन्दादानमा दिन ईच्छुक नभएको दरखास्त दर्ता हुन नआएकोमा नगरकार्यपालिकाको मिति २०८१/११/२६ गतेको बैठक निर्णय वमोजिम परियोजना संचालन गर्नका लागी निजी जग्गा यस नगरपालिकालाई आवश्यक रहेकोमा जग्गा प्राप्ती ऐन २०३४ को दफा ३ (क) बमोजीम १ नं. वडा कार्यालय र ३ नं. वडा कार्यालयको वडा स्तरीय प्रशासकीय भवन निर्माणको लागी यस नगर कार्यपालिकाको नाउँमा तपसील बमोजीमको चार किल्ला भित्रको जग्गा रजिष्ट्रेसन गराउनु पर्ने आवश्यक रहेकोमा इच्छुक जग्गा धनि संघ,संस्था-ब्यक्तिले जग्गा विक्री प्रति कठ्ठाको दरभाउँ अंक अक्षरमा प्रष्ट बुझ्ने उल्लेख - गरी यो सूचँना प्रकाशन भएको दिन देखि १५ (पन्द्र) दिन भित्र यस नगरपालिका कार्यालयमा गोप्य शिलबन्दी दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागी यो सार्वजनिक सूचँना प्रकाशन गरीएको छ।

<u>दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरु:</u>

१.नेपाली नागरिकता प्रमाणको फोटोकापी-१ प्रति । २.जग्गाधनी श्रेस्ता दर्ता प्रमाण पुर्जाको फोटोकापी-१ प्रति

३.चालु.आ.ब.को मालपोत तिरो रसिदको फोटोकापी-१ प्रति। ४.जग्गाको नक्सा किता नं. उल्लेख भएको -१प्रति

५.जग्गाको प्रति कठ्ठा विक्रि दर-भाउँ र जग्गाको चारकिला उल्लेख भएको निवेदन पत्र-१प्रति

६.जग्गाको वोल-कबोल मूल्यअंक घटाघटकमा स्वीकृत गरिने छ ।

७.जग्गा सडकको सिमाना सँग जोडिएको कि.नं.को जग्गालाई पहिलो प्राथमिकतामा राखेछ ।

८.१ नं. वडा र ३ नं. वडा कार्यालयको वडा स्तरीय प्रशासकीय भवन निर्माणको लागी जग्गा उपयुक्त स्थान भएमा मात्र खरीदको लागी स्वीकृत गर्नेछ ।

९.जग्गाको निवेदन शिलबन्दी दर्ता हुने अन्तिम मिति २०८१/१२/२९ गते दिउँसो १२:३० बजे सम्म मात्र ।

१०.शिलबन्दी खोल्ने मिति २०८१/१२/२९ गते, समय दिउँसो १:३० बजे, स्थानःनगर कार्यपालिकाको कार्यालयमा

<u>तपसील</u>

| क्र.सं. | परियोजनाको नाम | आवश्यक जग्गा | परियोजना संचालन हुने स्थान |
|---|---|---|---|
| १ | १ नं. वडा कार्यालयको वडा स्तरीय प्रशासकीय भवन निर्माणको लागी जग्गा प्राप्ती (खरीद) कार्य । | ०-१-० (एक कठ्ठा) घटिमा | वडा नं.१ अन्तर्गत घुसुकपुर -बैरगनिया ग्वासको हरदयाल रायको घर देखि पुर्व जयकरणको खेत घुसुकपुरको पश्चिम मठ सम्म रोडको उत्तर दक्षिण सिमान सँग जोडिएको भित्रमा पर्ने जग्गाको किता नम्बरहरु मध्ये । |
| २ | ३ नं. वडा कार्यालयको वडा स्तरीय प्रशासकीय भवन निर्माणको लागी जग्गा प्राप्ती (खरीद) कार्य । | ०-३-० (तिन कठ्ठा) | वडा नं.३ मेवा जुगुल साहको पोखरी देखि नाग बाबाको मन्दिर सम्मको जग्गा सडक सँग जोडिएको भित्रमा पर्ने जग्गा किता नम्बरहरु मध्ये । |

.............................................

प्रमुख प्रशासकीय अधिकृत